# तानसेन नगरकार्यपालिकाको कार्यालयको
# कर तथा शुल्क संकलन सम्वन्धि सिलवन्दी
# वोलपत्र आव्हानको सुचना

**प्रथम पटक प्रकाशित मिति: २०८०।०८।२०**

तानसेन नगरपालिकाको आन्तरिक आय तथा आय (ठेक्का बन्दोवस्त सम्वन्धी कार्यविधि २०८० को परिच्छेद २ दफा ३ बमोजिम तानसेन नगरपालिका वडा नं. १४ मा पर्ने रिडीमा २०८० सालको माघेसक्रान्ती मेला अवधि भर तोकिएको दररेटमा पार्किङ्ग शुल्क संकलन, मनोञ्जन कर संकलन र विटौरी शुल्क संकलन गर्न र ता.न.पा. वडा नं. ७ को वडा कार्यालय रहेको भवनको ११ वटा सटर आगामी ५ वर्ष सम्मको लागि भाडामा लगाउन १५ दिनको म्याद राखी यो वोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रित पूर्वक बोलपत्र पेश गर्नु हुन अनुरोध गरीन्छ ।

१. वोलपत्रचाहने फर्म/कम्पनीले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी वोलपत्रफारम खरिद गर्न सकिने छ ।

२. वोलपत्रफारम खरिद गर्ने मिति : सुचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय भित्र ।

३. सिलवन्दी वोलपत्रदाखिल गर्ने मिति : आ.व. २०८०/०८१ सम्मका लागि नवीकरण भएको संस्था/फर्म/कम्पनीको ईजाजतपत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै खरीद भएको वोलपत्र साथ संलग्न गरी सुचना प्रकाशन भएको मितिले १६औं दिनको १२ वजे सम्म । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट सोही समय भित्र रितपुर्वक पेश गर्नु पर्नेछ ।

४. वोलपत्रखोल्ने समय : सूचना प्रकाशित भएको मितिले १६औं दिनको २ वजे वोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ । वोलपत्रदाता उपस्थित नभएमा पनि वोलपत्रखोल्न वाधा पर्ने छैन ।

५. प्राप्त सिलवन्दी वोलपत्रस्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ

६. वोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कवोल अकंको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र वाकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त वाणिज्य बैंकको जमानी पत्र (परफरमेन्स वण्ड) मिति २०८० साल फागुन मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ । सटर भाडाको हकमा कवोल सटरभाडा अंकको ४ महिना बराबरको रकम धरौटी जम्मा गर्नु पर्नेछ ।

७. वोलपत्रस्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा वोलपत्रदाताको हुनेछ ।

८. तोकिएको दर तानसेन नगरपालिकाको आर्थिक ऐन, २०८० बमोजिम हुनेछ । सटर भाडाको हकमा लागु हुने छैन ।

९. ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।

१०. ठेक्का अवधि कार्यादेश पाएको मिति देखि २०८० साल माघ ७ गते सम्मको लागि मात्र हुने छ । सटर भाडाको हकमा आगामी ५ वर्ष सम्म कायम रहनेछ ।

११. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का संझौता गर्नु अगावै पेश गर्नु पर्ने बैंक जमानत वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका वोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।

मधुसुदन घर्ती
वरिष्ठ अधिकृत

जीवन अर्याली
प्रमुख प्रशासकीय अधिकृत

१२. ठेक्का अंक रकम एकमुष्ठ अग्रिम बुझाएमा ५% छुट दिईनेछ तर यो छुट दिदा ठेक्का अंकको न्यूनतम रकम भन्दा कम हुने गरि घटाईने छैन । सटर भाडाको हकमा लागु हुने छैन ।

१३. वोलपत्रदाखिला गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत रा.बा.वैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै वैंक भौचर पेश गर्नु पर्ने छ ।

१४. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

<u>वोलपत्रविवरण</u>

| ठेक्का नं. | कामको विवरण | न्युनतम ठेक अंक (~~[illegible]~~) रु. | वोलपत्रदस्तुर | कैफियत |
|---|---|---|---|---|
| ER/ 04/080/081 | माघे सक्रान्ती मेला रिडीमा कर तथा शुल्क संकलन | रु. १०,००,०००। | रु. १०००।०० | वोलपत्र |
| ER/ 05/080/081 | ता.न.पा. वडा नं. ७ को वडा कार्यालय रहेको भवनको ११ वटा सटर भाडा | मासिक रु. ६७२३५। | रु. १०००।०० | वोलपत्र |

तानसेन नगरपालिकाकार्यालय
जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

मधुसुदन घर्ती
वरिष्ठ अधिकृत
सातौं तह